जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः २५ पृष्ठः ४ | २०८३ बैशाख ३१ बिहीबार (Thursday 14 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## त्रासमा सिरहाका सुकुमवासी : 'हाम्रो मतले बनेको सरकारले हाम्रै घर भत्काउँछु भन्छ !'

'हामीलाई सडकमा आउन कुनै रहर थिएन,' रामसौगर देवी सदाय भन्छिन्, 'दैनिक ज्याला मजदुरी गरेर परिवार पालिरहेका छौं। परिवर्तन हुन्छ भन्ने आशामा भोट दिएर जितायौं। तर अहिले उल्टै हाम्रो घर भत्काउँछु भन्छ !'




**सुरेश राय**

सिरहा, ३० वैशाख। धनगढीमाई नगरपालिका-६ का ५६ वर्षीय हरि सदाय बोल्दै गर्दा पटक-पटक गला अवरुद्ध हुन्छ। जीवनभर अरूको खेतबारीमा मजदुरी गरेर परिवार पाल्दै आएका उनी अझैसम्म आफ्नो नाममा एक धुर जग्गा जोड्न नसकेको बताउँछन्। उनी भन्छन्, 'बाजे-पुर्खादेखि नै हामी सुकुम्बासी हौं। दिनरात मजदुरी गरेर छोराछोरी हुर्कायौं। अहिले उमेर ढल्कियो, तर छाप्रो ठडिएको जग्गा पनि आफ्नो नाममा छैन।'

'हामी दलित समुदायलाई सधैं सबै क्षेत्रमा पछाडि पारियो,' उनी भन्छन्, 'गरिबीका कारण आफूले पढ्न पाइएन, त्यही कारण छोराछोरीलाई पनि राम्रोसँग पढाउन सकिएन। पुस्तौंदेखि अभावमै बाँचिरहेका छौं।' उनी सरकारले सुकुमवासीलाई उठिबास लगाउन खोजेको भन्दै अरुसँगै आन्दोलनमा उत्रिएका छन्। सरकारले देशभर सार्वजनिक जग्गामा बनेका बस्ती हटाउने तयारी थालेपछि हरिजस्ता हजारौं भूमिहीन परिवार फेरि एकपटक असुरक्षित महसुस गरिरहेका छन्। सिरहाका विभिन्न सुकुम्बासी बस्तीमा अहिले एउटै प्रश्न उठिरहेको छ, 'अब कहाँ जाने ?'

हरि सदायको जीवन कथा सिरहाका धेरै दलित सुकुम्बासी परिवारको साझा कथा हो। गोलबजार नगरपालिका-३, तेतरियाकी सोभरन देवी सदाय भन्छिन्, 'कुन बेला बेघर बनाइन्छ भन्ने डरले निद्रा लाग्दैन। सरकारले डोजर चलाएको खबर सुन्दा झन् मन थरथर काँप्छ।' मिर्चैया नगरपालिका-६ का भिमबहादुर दमाई तीन दशकअघि रोजगारी र सुरक्षित भविष्यको खोजीमा सोलुखुम्बुबाट सिरहा झरेका थिए। अहिले उनी बसिरहेको छाप्रो वन क्षेत्रभित्र पर्छ। बुढेसकाल लाग्दै

**-बाँकी तीन पेजमा**

## मुद्दा मिलाइदिन्छु भन्दै छ लाख रुपैयाँ ठगी आरोपमा व्यापारी पक्राउ

**मणिलाल विश्वकर्मा**

सिरहा, ३० वैशाख। मुद्दा मिलाइदिन्छु भन्दै पीडितसँग छ लाख रुपैयाँ ठगी गरेको आरोपमा सिरहाको गोलबजार नगरपालिका ६ निवासी तथा पोल्ट्री दाना व्यापारी राकेश साह पक्राउ परेका छन्। विभिन्न प्रकृतिका मुद्दा मिलाइदिन्छु भन्दै सर्वसाधारणबाट रकम असुल गरेको आरोपमा प्रहरीले साहलाई मंगलबार सिरहाबाट पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालका अनुसार पक्राउ गरिएका साहले पीडितसँग मुद्दा किनारा लगाउन भन्दै पटक-पटक रकम लिएको आरोप छ। त्यसरी लिएको रकम प्रहरी र अदालतसम्म दिनुपर्छ भन्दै उनले पीडितसँग पटक पटक गरी छ लाख रुपैयाँ लिंदै आएको आरोप लगाइएको छ।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा पक्राउ गरिएका साहले विगतमा पनि प्रहरी प्रशासन र अदालतको नाममा विभिन्न मुद्दा मिलाइ दिन्छु भन्दै कैयौं सर्वसाधारणबाट रकम असुल गरेको खुलेको छ। केही महिनाअघि बलात्कार सम्बन्धी मुद्दा मिलाइ दिन्छु भन्दै आरोपी साहले रकम लिएर पनि काम नगरेको र रकम फिर्ता माग्दा नदिएको भन्दै प्रहरीमा उजुरी परेको परेको बताइएको छ।

उजुरीपछि पक्राउ परेका साहमाथि ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। पक्राउ गरिएका साहलाई मंगलबारदेखि लागू हुनेगरी सिरहा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

सुन, गुन, बिचार गर
"होइन" भन नशा र दुव्यर्सनलाई
"हो" भन घरपरिवार अनि भविष्यलाई।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

## छत भत्किँदा दुई मजदुरको मृत्यु

सर्लाही, ३० वैशाख। सर्लाहीको मलंगवा नगरपालिकामा निर्माणाधीन एक घरको छत भत्किँदा दुई कामदारको मृत्यु भएको छ। मलंगवा नगरपालिका-१० बस्ने रंजित यादवको चारतल्ले पक्की घरमा काम गरिरहेका दुई मजदुरको छतसहित जमिनमा खसेर मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार बुधबार अपराह्न करिब पौने पाँच बजेतिर मलंगवा नगरपालिका-२ बस्ने ५० वर्षीय छट्टु साह र हरिपुर्वा नगरपालिका-२ बस्ने ४० वर्षीय राजकिशोर यादवको छतबाट खसेर मृत्यु भएको हो। उनीहरू पानी ट्यांकी राख्नका लागि बनाइएको ढलान छत प्लास्टर गर्ने क्रममा थिए।

प्लास्टर गर्ने क्रममा छतसहित जमिनमा खस्दा दुवै जनाको शरीरको विभिन्न भागमा गम्भीर चोट लागेको थियो। घाइते अवस्थामा उनीहरूलाई तत्काल प्रादेशिक अस्पताल मलंगवा पुर्याइएको थियो। अस्पतालमा उपचारकै क्रममा साँझ चिकित्सकले दुवै जनालाई मृत घोषणा गरेका थिए।

घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोली घटनास्थलतर्फ खटाइएको थियो। घटना भएको

**-बाँकी दुई पेजमा**




होर्डिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,
- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिंदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं
- बाहय विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## मानव अधिकार आयोग पनि पारदर्शिताबाट भाग्दै ?

राज्यका निकायले लुकाइछिपाइ गर्न थालेपछि हुने त सुशासनको उपहास नै हो। नेपालमा भने राज्यको यो गोप्यताको संस्कारमा राणाकालदेखि नै परिवर्तन भएको छैन। विडम्बना, राजनीतिक पद्धतिमा भएका अग्रगामी परिवर्तनपछि समेत शासकीय चरित्र बदलिएको देखिएन। गत भदौ २३ र २४ मा भएको दमन र विध्वंशका घटनाको छानबिनका लागि सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा न्यायिक आयोग बनाएको थियो। आयोगले निर्धारित समयमा त प्रतिवेदन तयार गर्न सकेन। पटकपटक म्याद थपेपछि सरकारलाई बुझाएको प्रतिवेदन पनि अधुरै रह्यो।

विशेषगरी भदौ २४ को विध्वंशमा संलग्न व्यक्तिहरूका सम्बन्धमा कार्की आयोग मौन रहेको आरोप लागेको छ। तैपनि कार्की आयोगको प्रतिवेदन सरकारले लुकाउन खोजेको देखिन्थ्यो। सञ्चार माध्यमबाट कार्की आयोगको प्रतिवेदनको विवरण सार्वजनिक भएकाले जनताले त्यसको अपूर्णता थाहा पाए। न्यायिक आयोगका अध्यक्ष कार्कीका पूर्वाग्रहपूर्ण सामाजिक सञ्जालमा व्यक्त विचारले उनको छानबिन निष्पक्ष हुनेमा सन्देह गरिएको थियो। यसैले भदौ २३ र २४ को घटनाको राष्ट्रिय मानव अधिकार आयोग छानबिन प्रतिवेदन अपेक्षाकृत निष्पक्ष र स्वतन्त्र हुने अपेक्षा देखिन्थ्यो।

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीले केही पहिले भदौ २३ र २४ गतेको घटनाको छानबिन प्रतिवेदन तयार भएको र छिटै नै सरकारलाई बुझाइने जानकारी सार्वजनिकरूपमै दिएका थिए। यसले प्रतिवेदन छिटै सार्वजनिक हुने र दोषीहरूमाथि कारबाहीका लागि सरकारमाथि दबाब पर्ने आशा जगाएको थियो। कार्की आयोगलाई अवज्ञा गर्दासमेत घटना भएका बेलाका प्रधानमन्त्री खड्गप्रसाद ओलीले मानव अधिकार आयोगमै पुगेर बयान दिएका थिए। तर, अहिलेसम्म पनि आयोगको प्रतिवेदन गुपचुप राखिएको छ। अर्थात्, राष्ट्रिय मानव अधिकार आयोगले समेत नागरिकको सुसूचित हुने अधिकारको सम्मान गरेन।

राष्ट्रिय मानव अधिकार आयोगलेको प्रतिवेदन सार्वजनिक माग गरी सडकमा प्रदर्शन सुरुभएको छ। राष्ट्रिय मानव अधिकार आयोगजस्तो राज्यको स्वतन्त्र संवैधानिक निकायलाई प्रतिवेदन सार्वजनिक गर्न केले रोकेको हो भन्ने स्पष्ट हुन सकेको छैन। अहिलेको सरकार वा सरकारी निकायका पदाधिकारीहरूको दबाबमा प्रतिवेदन रोकिएको हुने अनुमान समाजमा व्याप्त भएको छ। यसले आयोगको मात्र होइन राज्यकै विश्वसनीयता प्रश्न उठेको छ। आयोगले आफ्नो गरिमाअनुरूप स्वतन्त्र र निष्पक्ष छानबिन गरेको भए सार्वजनिक गर्न हिचकिचाउनु हुँदैनथ्यो।

तत्कालीन राजा ज्ञानेन्द्रको शासनकालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार समुदायसमक्ष खस्केको आयोगको साख बिस्तारै फिर्ता भइरहेको छ। अहिले फेरि सुशासन र जनअधिकारको रक्षामा चुक्यो भने राष्ट्रिय मानव अधिकार आयोगको फेरि अवनति हुनसक्छ। पारदर्शिता सुशासनको मात्र होइन मानव अधिकार रक्षाको पनि महत्त्वपूर्ण आधार हो।

यसै पनि सत्य लुकाउने वा दबाउने प्रयास बिरलै सफल हुन्छ। त्यसमाथि लुकाउनै खोजिएको कार्की आयोगको प्रतिवेदनको विवरण पनि जनताले सञ्चार माध्यमबाट पाएको दृष्टान्त भर्खरैको हो। यसैले राष्ट्रिय मानव अधिकार आयोगले प्रतिवेदन लुकाउने प्रपञ्च गर्नु बुद्धिमानी नहोला। संसद् चलिरहेकै बेला सार्वजनिक गरिएमा संसद्मा पनि त्यसको चर्चा हुनेथियो।

# नीलगाई र बँदेलको आतङ्कले महोत्तरीका किसान चिन्तित

महोत्तरी, ३० वैशाख। यहाँका बस्तीबस्तीमा नीलगाई र बँदेलको सङ्ख्या बढेको छ। जिल्लाका मध्य र सुदूरदक्षिणी भेगका बस्तीबस्तीमा बँदेल र नीलगाई निकै बढेका हुन्। आहाराको खोजीमा पूर्वपश्चिम राजमार्गका दायाँबायाँ वन क्षेत्रबाट तीनचार वर्ष पहिले मध्य र दक्षिणी भेग झरेका बँदेल र नीलगाईले अब तलतिरकै बस्ती आसपासका झाडी र घारीमा बच्चा जन्माउने र हुर्काउन थालेपछि जिल्लाका मध्य र सुदूरदक्षिणी भेगका बस्तीसम्म यिनको सङ्ख्या निकै बढेको स्थानीय बासिन्दाको भनाइ छ। अहिले जिल्लाको भारतीय सीमावर्ती बस्तीसम्मै नीलगाईका बथान र बँदेलका हुल देखिन थालेका भारतीय सीमावर्ती भेगका जिल्लावासी बताउँछन्।

"हाम्रो बस्ती वरपर नीलगाई र बँदेल निकै बढेका छन्", नेपाल–भारत सीमा क्षेत्रसँगै जोडिएको जलेश्वर–५ चौरियाका ७५ वर्षीय रहिमन मण्डल भन्नुहुन्छ, "केही वर्ष पहिले यता झरेका नीलगाई र बँदेलले अब यतै बच्चा जन्माउने र हुर्काउने गरेपछि यिनको सङ्ख्या निकै बढेको हो।" वैशाख मध्यपछि हलक्क बढेको उखुघारी र नदीकिनारका काँसघारी यिनको बासस्थान हुने गरेको मण्डलको कथन छ। जिल्लाको सुदूर दक्षिणपूर्वी जलेश्वर र मटिहानी नगरपालिका क्षेत्रमात्र नभई दक्षिणको मध्यवर्ती एकडारा, मनराशिश्वा एवं सुदूरदक्षिणपश्चिमवर्ती सम्सी र सोनमासहितका स्थानीय तहका बस्ती नजिक नीलगाईको बथान र बँदेलका झुण्ड देखिन्छन्। दिनभरि उखु र काँसघारीमा लुकेर रातभरि बालीनाली सखाप पार्ने बँदेल र नीलगाईको उपद्रवले आफूहरू हैरान भएको सम्सी–६ का ४० वर्षीय इम्तियाज अहमद बताउनुहुन्छ।

पछिल्ला चारपाँच वर्षदेखि वन क्षेत्रबाट निकै तल झरेका बँदेल र नीलगाई विस्तारै यतै रतिदै गएर मान्छेसँग डराउन छाडेका सर्वसाधारण बताउँछन्। "देखेर हाहो गर्दा हुलमा रहेका नीलगाई भाग्नसट्टा ठिङ्ग उभिएर मान्छेतिरै हेर्छन्, दुईचार जना जम्मा भएर लघार्दा बल्ल भाग्छन्", रामगोपालपुर–२ महनपुरका ६० वर्षीय किसान कादिर हुसैन भन्नुहुन्छ, "यी जन्तुको डरले महिलाहरू बस्तीबाट अलि टाढाको खेतबारी हिँड्न पनि छाडेका छन्।" नीलगाईले आक्रमण नै हम्मेसी नगरे पनि बँदेल लघारे भने निकै डरमर्दो भएको यस भेगका किसानको भनाइ छ। यी सबै बस्ती पूर्वपश्चिम राजमार्ग दायाँबायाँको वन क्षेत्रबाट ३० देखि ४५ किलोमिटरको दूरीमा छन्।

मध्य वैशाखदेखि फागुनसम्म यिनको बास धेरैजसो उखुघारी रहने गरेको छ। मङ्सिरदेखि फागुन मसानतसम्म उखु काट्ने बेला हुँदा यी जन्तु उखु नकाटिएको ठाउँ सर्दै बास बस्ने र चैतदेखि मध्य वैशाखसम्म नदीकिनारका काँसघारी, बुट्यानका झाडी र सघन वृक्षरोपण गरिएका ठाउँमा सर्दै बस्ने गरेका पाइएको भङ्गाहा–४ रामनगरका ८० वर्षीय दीपबहादुर फुँयाल बताउनुहुन्छ। "अब यी जङ्गली जन्तु नै रहेनन्झैँ लाग्छ, यतै मजाले रतिएका छन्", फुँयाल भन्नुहुन्छ, "दिनभरि खासै देखिँदैनन्, राति सधैँ रुङ्न सकिदैन, यिनको उपद्रोले राम्ररी कुनै बाली लिन पाइएको छैन।" आफूले पछिल्ला पाँच वर्षयता भर्खर हुर्केकादेखि वयस्कसम्मका बँदेल बस्ती वरपर देखेको उहाँको भनाइ छ। भङ्गाहा–४ को यो बस्ती वन क्षेत्रबाट करिब २२ किलोमिटर दक्षिणमा छ।

वनक्षेत्रमा आहारा र पानीको अभावसँगै सिकारीको आखेटले तलतिर झरेका नीलगाई र बँदेलले यी बस्तीमा प्रशस्त हरियो बालीनाली भेट्टाएपछि वन बिर्सँदै गएर यतै रमेका औरही–१ का चन्देश्वर यादवको भनाइ छ। यी वन्यजन्तुलाई लाठी देखाएर लघार्नभन्दा राती खेतबारीमा ठाउँठाउँमा राँको बाल्ने, बिजुलीको प्रबन्ध गर्ने र ठाउँठाउँमा पुतला बनाएर बाली लगाइएको खेतमा जान डराउने बनाउन सकिने उहाँको सुझाव छ।

# स्थानीयको अवरोधले सर्लाहीमा हुलाकी कल्भर्ट निर्माणमा ढिलाइ

**अमलेश शर्मा**

सर्लाही, ३० वैशाख। हुलाकी राजमार्गअन्तर्गत सर्लाहीको कौडेना गाउँपालिका क्षेत्रमा निर्माणाधीन मल्टीसेल बक्स कल्भर्टको काम स्थानीय अवरोधका कारण एक महिना रोकिँदा निर्धारित समयभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य प्रभावित भएको छ। स्थानीयको माग र निर्माणबीचको विवादका कारण अवरोध हटेपछि मात्र काम पुनः सुरु भए पनि निर्धारित समयमै आयोजना सम्पन्न हुने सम्भावना कमजोर बनेको आयोजना पक्षले जनाएको छ।

गत चैत पहिलो सातादेखिनै स्थानीयले कल्भर्टसँगै लखन्देही र ढङ्गा खोलामा तटबन्ध निर्माणको माग राख्दै निर्माण कार्य अवरुद्ध गरेका थिए। करिब एक महिनासम्म काम ठप्प भएपछि जिल्ला प्रशासन कार्यालय सर्लाहीमा भएको छलफलमार्फत वैशाख ३ गते तटबन्ध निर्माण प्रक्रिया अघि बढाउने सहमति भएपछि मात्र निर्माण पुनः सुरु गरिएको हो।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका सूचना अधिकारी तथा इन्जिनियर रञ्जितकुमार रायका अनुसार अवरोध अघि आयोजनाको भौतिक प्रगति करिब १५ प्रतिशत पुगेको थियो। उनका अनुसार अहिले काम पुनः सुरु भए पनि रोकिएको अवधिले सम्पूर्ण कार्यतालिका प्रभावित भएको छ। 'सम्झौता अनुसार असार २५ भित्र काम सम्पन्न गर्नुपर्ने छ,' रायले भने, 'तर एक महिनाको अवरोधका कारण चालु आर्थिक वर्षभित्र निर्माण सक्ने लक्ष्य चुनौतीपूर्ण बनेको छ।'

उनका अनुसार पछिल्लो समय इन्धन तथा निर्माण सामग्रीको मूल्य वृद्धि भएकाले पनि निर्माण कार्य अपेक्षित गतिमा अघि बढाउन कठिनाइ भइरहेको छ। हाल कलभर्टको फाउण्डेसन निर्माणको काम भइरहेको छ। बर्खायाम सुरु हुनुअघि संरचना तयार नभए डाइभर्सनमार्फत सवारी सञ्चालन गर्न समेत कठिन हुने प्राविधिकहरूको भनाइ छ। 'लगातार वर्षा भएमा अहिलेको डाइभर्सन प्रयोग गर्न सकिने अवस्था रहँदैन,' रायले भने, 'त्यसले हुलाकी सडकको आवागमनमै असर पार्न सक्छ।'

गत वर्ष असोज १८ र १९ गते आएको भीषण बाढीले लखन्देही खोलाको धार परिवर्तन हुँदा कौडेना–३ पर्सा गाउँ नजिक करिब १०० मिटर सडक बगाएको थियो। त्यसपछि आवागमन सहज बनाउनका लागि हुलाकी राजमार्ग निर्देशनालयले कलभर्ट निर्माण प्रक्रिया अघि बढाएको हो। सुशम आदित्य विजय निर्माण सेवा प्रालि, उदयपुरले ३ करोड ५३ लाख ३ हजार २३ रुपैयाँमा ठेक्का पाएको छ।

कौडेनाका स्थानीयले लखन्देही खोलाको पश्चिमतर्फको धारमा तटबन्ध रहे पनि पूर्वतर्फको धारमा तटबन्ध नरहेकाले दुवैतर्फ बाँध कस्न माग गरेका छन्। खोलाको पूर्वतर्फ झन्डै ४०० मिटर तटबन्ध निर्माणका लागि करिब ४२ लाख रुपैयाँ र अर्को १ किलोमिटर क्षेत्रका लागि करिब ५ करोड रुपैयाँ बजेट आवश्यक पर्ने जिल्ला प्रशासन कार्यालय सर्लाहीमा हुलाकी राजमार्ग निर्देशनालय जनकपुर र सिचाई तथा जलस्रोत व्यवस्थापन आयोजना चन्द्रपुर रौतहटले बुझाइएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

तटबन्ध नहुँदा लखन्देही र ढङ्गा खोलामा आएको बाढी आफूहरुको सोझै खेतमा पस्ने गरेको र बालीनाली डुबानमा पर्ने गरेको स्थानीयको गुनासो छ।

# कक्षा १ बाट १० पुग्दा ५६ प्रतिशत विद्यार्थी गायब : शिक्षा प्रणालीमै गम्भीर प्रश्न

काठमाडौं, ३० वैशाख। कक्षा १ मा भर्ना भएका विद्यार्थी १० कक्षासम्म पुग्दा ४४ प्रतिशत मात्र अध्ययनलाई निरन्तरता दिने गरेको पाइएको छ। शिक्षा मन्त्रालयको फ्लास रिपोर्टअनुसार २०७३ सालमा कक्षा १ मा भर्ना भएका ९ लाख ७३ हजार ६ सय ९५ विद्यार्थीमध्ये ५६ प्रतिशत बिचमै गायब हुने गरेको पाइएको छ। सरकारले विद्यालय शिक्षामा बर्सेनि एक खर्ब ५० अर्ब रूपैयाँ लगानी गरे पनि १० वर्षको दौरानमा यतिधेरै विद्यार्थी कहाँ गए भन्ने खोजविनको विषय बनेको छ।

शिक्षा मन्त्रालयका अनुसार २०७३ सालमा देशभरका विद्यालयमा कक्षा १ मा ९ लाख ७३ हजार ६ सय ९५ विद्यार्थी भर्ना भएका थिए। २०८२ सालमा आइपुग्दा कक्षा १० मा पुग्ने विद्यार्थीको संख्या ४ लाख ६४ हजार मात्र छ। त्यसमा पनि यसपटक एसईई दिने विद्यार्थीको संख्या भने ४ लाख ३० हजार ६ सय ६७ मात्र थियो। यो हिसाबले ४४ प्रतिशत विद्यार्थीले अध्ययनलाई निरन्तरता दिँदै एसईईमा सामेल भएका थिए भन्ने बाँकी ५ लाख ४२ हजार ९ सय ३४ जना अर्थात् ५६ प्रतिशत विद्यार्थी बिचमै अध्ययन् छोडेर कहाँ हराए त ? सरकारले कक्षा १ देखि ८ सम्म आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र कक्षा ९ देखि १२ माध्यामिक शिक्षा निःशुल्क गर्ने व्यवस्था छ।

सरकारले विद्यार्थी टिकाउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवाखाजालगायत कार्यक्रममा ठूलो रकम पनि खर्च गरिरहेको छ। निःशुल्क शिक्षादेखि विद्यार्थीलाई विभिन्न सुविधा उपलब्ध गराए पनि बिचैमा कक्षा छाड्ने दर भने बढ्दो छ। गरिब, विपन्न र आर्थिक अवस्था कमजोर भएकै कारण धेरैजसो बालबालिका बीचमै कक्षा छोड्ने गरेको पाइन्छ। त्यसैगरी अभिभावकको आर्थिक अवस्था कमजोर भएकाले पनि बालबालिकाले अध्ययन पूरा गर्न पाउँदैनन्। कतिपय विद्यालयले आर्थिक प्रलोभनमा धेरै विद्यार्थीको संख्या देखाउँदा १० वर्षको दौरानमा उनीहरूमध्ये कतिपय तथ्यांकबाट गायब भएको हुनसक्ने शिक्षक र शिक्षाका अधिकारीहरू बताउँछन्।

त्यसो त सरकारले विद्यालय शिक्षाका लागि बर्सेनि १ खर्ब ५० अर्बको हाराहारीमा बजेट विनियोजना गर्दै आएको छ। हालै प्रकाशित एसईईको नतिजा अनुसार सामुदायिक विद्यालयका २ लाख ८९ हजार विद्यार्थीमध्ये १ लाख ६१ हजार अर्थात् ५५ प्रतिशत उर्तीण भएका छन्। कक्षा १ मा भर्ना भएकामध्ये १० वर्षको दौरानमा साढे ५ लाख विद्यार्थी हराउनुले सरकारको लगानी दुरूपयोग भइरहेकाले यसबारे गम्भीर अध्ययन हुनुपर्ने स्वयं शिक्षाका अधिकारीहरु बताउँछन्। यो तथ्यांकले बर्सेनि देशभरका विद्यालयहरूबाट ५४ हजार विद्यार्थी हराइरहेका छन्। यति ठूलो संख्यामा बालबालिकाले विद्यालय छाड्नु गम्भीर विषय हो।

### छत भत्किँदा ...

स्थान जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट करिब २ किलोमिटर उत्तरमा पर्दछ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# मौन प्रधानमन्त्रीमाथि प्रश्न : संसद्प्रति जवाफदेहिता कमजोर हुँदै ?



**विकास आचार्य**

काठमाडौं, ३० वैशाख। संसदीय प्रणालीमा प्रधानमन्त्री संसद् प्रति जवाफदेही हुन्छ। सरकारले आफ्नो नीति तथा कार्यक्रम ल्याउँदा संसद्ले प्रधानमन्त्री खोज्नु कार्यपालिकालाई थप जिम्मेवार बनाउनु पनि हो। नेपालको संसदीय अभ्यासमा सरकारको नीति तथा कार्यक्रम पेस हुँदा वा छलफल गर्दा प्रधानमन्त्रीले पूरै नजरअन्दाज गरेको देखिँदैन।

तर, दुई तिहाइ बहुमत नजिकका प्रधानमन्त्री वालेन्द्र शाह नीति तथा कार्यक्रम सदनमा पेस गर्दा र छलफल गर्न प्रतिनिधि सभामा अनुपस्थित रहेपछि विपक्षीहरूले लोकतन्त्र र संसदको मर्यादामाथिकै अबमुल्यन भनेका छन्। प्रधानमन्त्रीलाई सोधिने प्रश्नको जवाफ उहाँबाटै चाहिने भन्दै उनीहरुले नीति तथा कार्यक्रममा अनिवार्य सहभागिताको वकालत गरिरहे।

बोलेर हैन काम गरेर देखाउन चाहेको भनिरहेको सत्ता पक्षले २०४८ सालयताको संसदीय परम्परा किन भत्काउन खोज्दैछ ? प्रधानमन्त्री शाहले संसद्लाई खासै महत्व नदिनु भएको हो ? कि उहाँ बोल्नै नखोज्नुभएको हो ? प्रश्न उठेको छ। इन्जिनियरको पेसाबाहेक र्‍यापरको पृष्ठभूमि समेतले प्रधानमन्त्री वालेन्द्र शाहलाई काठमाडौं महानगरको प्रमुखदेखि संघीय सरकारको नेतृत्वसम्म पुऱ्यायो। कुनै समय र्‍याप ब्याटलमा शब्दमा मात्र होइन, अनुप्रास र बिटसमेत मिलाएर जवाफ फर्काउन सिपालु वालेन्द्र शाह नेतृत्वमा आएपछि भने बोल्न समेत अनकनाइरहनुभएको छ।

महानगर प्रमुख रहँदा वालेन्द्रले कार्यपालिका बैठकमा प्रत्यक्ष सवालजवाफ गरेका दृश्य नागरिकले हेरेका छन्। तर, सार्वजनिक मन्चमा उहाँको अभिव्यक्ति दुर्लभ नै रह्यो। फागुन २१ को चुनावअघि आधा दर्जनजति सभामा सम्बोधन गरेर कुल २८ मिनेटभन्दा कम बोल्नुभएका वालेन्द्र प्रधानमन्त्री भएपछि भने चुपचाप हुनुहुन्छ। प्रधानमन्त्रीको यो मौनतालाई उहाँको व्यक्तिगत स्वभाव र कार्यशैलीसँग जोडेर सकारात्मक रूपमा पनि लिइएको छ, स्वयं रास्वपा सभापति रवि लामिछानेले प्रधानमन्त्री वालेन्द्रको शैलीलाई इन्डोर्स गर्दै 'अब बोलेर होइन, कामले जवाफ दिन्छौं' भन्दै आउनुभएको छ।

तर, प्रधानमन्त्रीको यो मौनतालाई संसदीय अभ्यासले भने स्वीकार गर्दैन। प्रतिनिधिसभाको बुधबारको बैठकमा विपक्षीहरूले प्रधानमन्त्रीको व्यक्तिगत शैलीलाई त अस्वीकार नै गरिदिएका छन्। तर, योभन्दा महत्वपुर्ण, संसद्प्रति सरकार र प्रधानमन्त्रीको जवाफदेहीता कमजोर भएको भन्दै गम्भीर प्रश्न पनि उठेको छ।

नीति तथा कार्यक्रममा संसदमा उठेका प्रश्नको जवाफ दिन प्रधानमन्त्री स्वयं उपस्थित हुनुपर्ने हो। हो, संसद् नियमावलीले एउटा छुट भने दिन्छ– प्रधानमन्त्रीले तोकेको मन्त्रीले प्रधानमन्त्रीको प्रतिनिधित्व गर्न सक्छ। अभ्यासमा चाहीँ त्यो प्रधानमन्त्री विशेष कारणले उपस्थित हुन नसक्दा, देश बाहिर भए वा बिरामी हुँदाको परिकल्पनासहितको व्यवस्था हो।

संसदीय परम्परा र अभ्यासले सरकारकै नीति तथा कार्यक्रममा प्रधानमन्त्रीको अनुपस्थितिले यो छुट दिँदैन। यो परम्परा मात्रै हैन, संसदीय गरिमा र कार्यपालिकाको जवाफदेहीको विषय पनि हो। त्यसो त लोकले बोल्न पाउनु मात्र लोकतन्त्र होइन, लोकतन्त्र प्रति शासकहरु जवाफ हुनुपर्ने खाँचोसँग पनि हेर्नुपर्छ। जवाफ दिने नाममा जनताले मुखाले शासक खोजेका पनि हैनन्। कामभन्दा बढी वाचाको चाङ चाहिएको पनि होइन। तर, आफूमाथि प्रश्न उठेको विषयमा र सदनले जवाफ खोजेपछि प्रधानमन्त्रीले संसद्लाई बेवास्ता गर्न कदापि मिल्दैन। त्यसो त सामाजिक सञ्जालमा प्रधानमन्त्रीको संसदमा गैर हाजिरिको विषयलाई लिएर आलोचना भएको छ।

कतिले 'संसद्ले नै आफूलाई प्रधानमन्त्री बनाएको बिर्सिएको आरोप लगाएका छन्। कतिले संसद्भन्दा प्रधानमन्त्री ठूलो हो? भन्दै प्रश्न गरेका गरेका छन्। यसको अर्थ आम नागरिक संसद्मा देखिने सरकार र बोल्ने प्रधानमन्त्री खोजेका छन् भन्ने पनि हो।

*त्रासमा सिरहाका...*

गर्दा फेरि उठिबास हुने डरले उनलाई सताइरहेको छ।

'हामी दलितलाई सधैं भोट बैंक बनाइयो,' उनले गुनासो गरे, 'अहिले सरकारमा भएका नेताहरुले दलित समुदायसँग माफी मागेको कुरा सुनेर केही आशा जागेको थियो। तर व्यवहारमा फेरि गरिबकै घर भत्काउने काम भइरहेको छ।' उनका अनुसार सरकारले सुकुमवासी व्यवस्थापन गर्नुको सट्टा विस्थापनलाई प्राथमिकता दिएको छ। 'हामी कुनै शरणार्थी होइनौं, यही देशका नागरिक हौं,' उनी भन्छन्, 'हाम्रै मतले सरकार बनेको हो। तर अहिले हामीसँग दुश्मनजस्तो व्यवहार भइरहेको छ।'

सरकारको पछिल्लो निर्णय र देशका विभिन्न स्थानमा सुकुमवासी बस्तीमा डोजर चलाइएका घटनाप्रति आक्रोशित सिरहाका भूमिहीनहरू अहिले आन्दोलनमा उत्रिएका छन्। सोमबार धनगढीमाईमा आयोजित प्रदर्शनमा सहभागीहरूले आफ्ना पीडा र असन्तुष्टि सार्वजनिक रूपमा पोखेका थिए। उनीहरूका अनुसार आन्दोलन रहर होइन, बाध्यता हो। 'हामीलाई सडकमा आउन कुनै रहर थिएन,' रामसौगर देवी सदाय भन्छिन्, 'दैनिक ज्याला मजदुरी गरेर परिवार पालिरहेका छौं। परिवर्तन हुन्छ भन्ने आशामा भोट दिएर जितायौं। तर अहिले उल्टै हाम्रो घर भत्काउँछ भन्छ !'

उनले सरकारसँग पहिला सुरक्षित आवासको व्यवस्था गर्न र त्यसपछि मात्र बस्ती व्यवस्थापनको प्रक्रिया अघि बढाउन माग गरिन्। जिल्ला प्रशासन कार्यालय सिरहाले वैशाख २४ गते सार्वजनिक गरेको निर्णयले जिल्लाका भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोवासी समुदायमा थप चिन्ता बढाएको छ। निर्णयअनुसार जिल्लाका १७ वटै स्थानीय तहलाई सार्वजनिक तथा सरकारी जग्गाको लगत अद्यावधिक गर्न, अतिक्रमण हटाउने योजना तयार गर्न तथा वास्तविक सुकुमवासी पहिचान गरी व्यवस्थापन प्रक्रिया अघि बढाउन निर्देशन दिइएको छ।

तर स्थानीय सुकुमवासीहरू भने 'व्यवस्थापन'को नाममा आफूहरूलाई विस्थापित गर्न खोजिएको आशंका गरिरहेका छन्। भूमि अधिकार मञ्च सिरहाका अध्यक्ष समस्ती लाल आलेका अनुसार उचित विकल्प नदिई बस्ती हटाउने प्रयास भइरहेकाले आन्दोलन अपरिहार्य बनेको बताउँछन्।'सुकुमवासी व्यवस्थापनका लागि नीति बनाउनु सकारात्मक कुरा हो,' उनले भने, 'तर व्यवस्थापन नगरी घरमा डोजर चलाउनु अमानवीय हुन्छ। पहिला सुरक्षित बसोबासको सुनिश्चितता हुनुपर्छ, त्यसपछि बसेकै जग्गाको लालपुर्जा उपलब्ध गराउनुपर्छ।'

भूमि समस्या समाधान आयोगको आर्थिक वर्ष २०८१/०८२ को तथ्यांकअनुसार सिरहामा मात्रै ३ हजार ८१५ भूमिहीन दलित, २ हजार ६६३ भूमिहीन सुकुम्बासी र ३ हजार ३७४ अव्यवस्थित बसोवासी परिवार छन्। कुल ९ हजार ८५२ परिवार अहिले ग्रामीण सडक किनार, ऐलानी जग्गा, वन क्षेत्र तथा साहुमहाजनको निजी जग्गामा अस्थायी बसोबास गर्दै आएका छन्। अतिक्रमित र ऐलानी जग्गामा बसेका बस्ती हटाउने सरकारी चेतावनीले उनीहरू निरन्तर त्रासमा छन्।

# जनकपुर साहित्य महोत्सवको छैटौं संस्करणको तयारी पूरा




**धर्बेन्द्र झा**

जनकपुरधाम, ३० वैशाख। मधेस प्रदेशको राजधानी जनकपुरधाममा यही जेठ १ गतेदेखि सुरु हुने तीन दिने 'जनकपुर साहित्य महोत्सव' को छैटौं संस्करणको सम्पूर्ण तयारी पूरा भएको छ। विगत पाँच वर्षदेखि महोत्सव आयोजना गर्दै आएको नव मिथिला फाउन्डेसनले बुधबार जनकपुरधाममा पत्रकार सम्मेलन गरी तयारीबारे जानकारी दिएको हो। फाउन्डेसनका उपाध्यक्ष आदित्य नेपालका अनुसार महोत्सवको उद्घाटन मधेस प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले गर्ने कार्यक्रम रहेको छ। (नोटः हालका प्रदेश प्रमुखको नाम अद्यावधिक गरिएको)।

महोत्सव निर्देशक राजीव जोशीले यस वर्षको महोत्सव विगतको तुलनामा केही फरक र परिष्कृत हुने बताउनुभयो। उहाँका अनुसार पहिलो दिन उद्घाटनपश्चात् उद्योगपति एवं समाजसेवी उपेन्द्र महतोले 'नेपालको नवीन उद्यमी समाज' विषयमा प्रवचन दिनुहुनेछ। दोस्रो दिन 'रङ्गमञ्चदेखि सिनेमासम्म' विषयमा साहित्यकार एवं कलाकार रमेशरञ्जन झा, सुनिल मिश्र र हरिवंश आचार्यबीच छलफल हुने कार्यक्रम छ।

महोत्सवमा मैथिली कथाको नेपाली संसार, जनकपुरको कनेक्टिभिटी र पर्यटनको भविष्य, खेलकुदको अवस्था, सञ्चारकर्मको बदलिँदो परिदृश्य, जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्ने सम्भावना र चुनौती जस्ता विषयमा गहन छलफल हुनेछ। यसैगरी नेपाली महिला लेखन, पाठ्यक्रम र दक्षता, भाषा प्रविधि र संस्कृति, भू-राजनीति एवं भू-अर्थतन्त्रलगायतका सत्रहरू सञ्चालन हुने निर्देशक जोशीले जानकारी दिनुभयो।

महोत्सवमा पुस्तक लोकार्पणका साथै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय कलाकारहरूको प्रस्तुति रहनेछ। विद्यापति भजनका लागि काठमाडौंबाट ४० जनाको टोली आउने भएकाले आयोजकले सबैलाई सहभागिताका लागि आग्रह गरेको छ। महोत्सव सम्पन्न गर्न करिब ३० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

# रुपन्देही पर्यटकीय 'हब' बन्दै, होटल क्षेत्रमा उच्च लगानी

भैरहवा, ३० वैशाख। होटल तथा पर्यटन पूर्वाधारमा बढ्दो लगानीसँगै रुपन्देही पर्यटकीय केन्द्रका रूपमा विकास हुँदै गएको छ। लुम्बिनी भ्रमणमा आउने विदेशी तथा स्वदेशी पर्यटकको प्रमुख बसाइस्थलका रूपमा रुपन्देही स्थापित बन्दै जाँदा स्तरीय होटल थपिने क्रम निरन्तर बढेको हो। भैरहवा–लुम्बिनी करिडोर तथा जिल्लाका मुख्य सहर क्षेत्रमा पाँचतारे, चारतारे र तीनतारे होटल सञ्चालनमा आएका छन् भने नयाँ होटल निर्माणसमेत जारी छ। लुम्बिनी आउने पर्यटकका साथै काठमाडौं, पोखरा, चितवन र बर्दिया जाने पर्यटक पनि भैरहवा हुँदै आवतजावत गर्दा जिल्लामा बसोबास गर्ने क्रम बढेको व्यवसायी बताउँछन्।

सिद्धार्थ होटल सङ्घका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले रुपन्देहीमा पाँचतारे होटलको सङ्ख्या उल्लेख्य रहेको बताउनुभयो। उहाँले जिल्लामा सञ्चालनमा रहेका ठूला होटलसँगै थप नयाँ परियोजना निर्माणाधीन अवस्थामा रहेको जानकारी दिनुभयो। हाल जिल्लामा हायात प्यालेस, टाइगर प्यालेस बाइ सोल्टी, भिलासा र लुम्बिनी हेरिटेज सञ्चालनमा छन्। भैरहवा–लुम्बिनी सडकखण्डमा नयाँ पाँचतारे होटल निर्माण भइरहेको छ भने भैरहवाको बुद्धचोकमा अर्को पाँचतारे होटल अन्तिम चरणमा पुगेको बताइएको छ।

होटल तथा रेस्टुरेन्ट व्यवसायी सङ्घ रुपन्देहीका अध्यक्ष राजेश महोत्राले भारतीय पर्यटकलाई लक्षित गरेर होटल क्षेत्रमा ठूलो लगानी भइरहेको बताउनुभयो। उहाँले सीमावर्ती भारतबाट आउने पर्यटकको सङ्ख्या उच्च रहेकाले रुपन्देहीलाई विश्राम तथा गन्तव्यस्थलका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। पर्यटन व्यवसायी किशोर जोशीले जिल्लामा पर्यटकको बसाइ अवधि बढाउन थप आकर्षक गतिविधि, सांस्कृतिक कार्यक्रम र पर्यटन प्याकेज आवश्यक रहेको बताउनुभयो। उहाँका अनुसार लुम्बिनी भ्रमणपछि धेरै पर्यटक सोही दिन फर्किने भएकाले बसाइ लम्ब्याउन सकिए आर्थिक गतिविधि अझै बढ्नेछ।

होटल तथा रेस्टुरेन्ट व्यवसायी सङ्गठनका पूर्वअध्यक्ष अनिल ज्ञवालीले अन्तरराष्ट्रिय होटल व्यवस्थापन समूह रुपन्देहीमा प्रवेश गर्न थालेपछि जिल्लाको पर्यटन छवि थप बलियो बनेको बताउनुभयो। उहाँले हायात, मेरियट, होलिडे इन र क्राउन प्लाजाजस्ता अन्तरराष्ट्रिय ब्रान्डको चासोले लगानीकर्तामा उत्साह थपिएको उल्लेख गर्नुभयो।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि विमानस्थल केन्द्रित होटलमा लगानी बढेको छ। भैरहवा र बुटवल क्षेत्रमा तारेहोटेल, रिसोर्ट तथा क्यासिनोसमेत सञ्चालनमा आएसँगै रुपन्देही प्रदेशकै प्रमुख पर्यटन तथा आतिथ्य केन्द्रका रूपमा उदाउँदै गएको सरोकारवालाको भनाइ छ।

# मधेसमा गठबन्धन जोगाउने दाउमा जसपा नेपाल, जनमत पार्टी 'यता न उता'को अवस्थामा

काठमाडौँ, ३० वैशाख। जनता समाजवादी पार्टी नेपालले मधेस प्रदेशमा रहेको सत्ता गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको छ। जसपा नेपाल मधेस प्रदेश सभा, संसदीय दलको बैठकले मधेस प्रदेशको सत्ता गठबन्धनलाई निरन्तरता दिने धारणा बनाएको हो।जसपा नेपालका एक नेताका अनुसार अहिले नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने बेला भएकाले गठबन्धन भत्काएर नयाँ सरकार बनाउनुभन्दा पनि वर्तमान गठबन्धनलाई नै निरन्तरता दिएर अगाडि बढ्दा उपयुक्त हुने निष्कर्ष निकालिएको छ।

यो गठबन्धनमा कसको नेतृत्वमा सरकार बनाउने या अहिलेको मुख्यमन्त्रीलाई नै निरन्तरता दिने भन्नेबारे गठबन्धन दलहरूको बिचमा कुराकानी चलिरहेको र भोलिसम्ममा कुनै निष्कर्ष आउन सक्ने उनको भनाइ छ। अहिले कांग्रेसका मधेस प्रदेश सभापति एवं प्रदेश सभा सदस्य कृष्ण यादवको नेतृत्वमा मधेस प्रदेश सरकार छ। सरकारबाट डा. सीके राउत नेतृत्वको जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले जेठ १ गते विश्वासको मत लिने भएका छन्। हालसम्मको अवस्था हेर्दा जसपा नेपाल पनि वर्तमान गठबन्धनको साथमा रहेकाले मुख्यमन्त्री यादवलाई विश्वासको मत पाउन कठिन हुने छैन। यद्यपि जसपा नेपालको औपचारिक निर्णय बाहिर आइसकेको छैन।

जसपा नेपालले पार्टीको एकता प्रक्रिया टुङ्गो लागेपछि मधेस प्रदेश सरकारबारे कुनै निर्णय गर्ने भनेको थियो। निर्वाचन आयोगबाट एकता प्रक्रिया टुङ्गो लागिसकेको छ। मधेस प्रदेशको सचिवालयलाई आयोगले त्यसबारे जानकारी पनि पठाइसकेको छ। यो एकता प्रकृया टुङ्गो लागेसँगै मधेस प्रदेशमा जसपा नेपाल सबैभन्दा ठुलो दल बनेको छ। ठुलो दल बनेको हैसियतमा जसपा नेपालले सरकारको नेतृत्वमा दाबी गर्न सक्ने बताइएको छ। मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले विश्वासको मत लिने तयारी गरिरहेको बेला जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पनि जनकपुर पुगेका छन्। बुधबार जसपा नेपालका संरक्षक महन्थ ठाकुर पनि जनकपुर पुग्ने कार्यक्रम रहेको बुझिएको छ।

उनीहरूले गठबन्धनमा रहेका दलहरूसँग छलफल गरेर सहमतिको प्रयास गर्ने नेताहरूको भनाइ छ। जसपा नेपालका नेता डा.सुरेन्द्र झाले भने, 'मधेस सरकारको बारेमा पार्टीमा आन्तरिक छलफल चलिरहेको छ। जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिइसकेपछि मुख्यमन्त्रीले विश्वासको मत लिने अवस्था आएको हो। विश्वासको मत लिने प्रक्रियामा मुख्यमन्त्री गइसक्नु भएको छ। जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिइसकेको अवस्थामा के गर्ने भन्ने विषयमा हामीले आन्तरिक रूपमा छलफल गरिरहेका छौँ।'

यता, जनमत पार्टीका नेताहरूले जसपा नेपालमाथि आफूलाई धोका दिएको आरोप लगाएका छन्। जनमत पार्टीले मधेस प्रदेश सरकारबाट समर्थन फिर्ता लिइसके पनि सो पार्टीका दुई जना मन्त्री अझै सरकारमै छन्। जसपा नेपालले पनि सरकारबाट आफ्नो समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा पर्छ र सरकार ढल्छ भन्ने ठानेर जनमत पार्टीले हतार हतारमा सरकारबाट समर्थन फिर्ता लिए पनि जसपा नेपालले समर्थन फिर्ता लिएको छैन। जनमत पार्टीका एक पदाधिकारीले भने, 'जसपा नेपालसँगको सल्लाहमै सरकारबाट समर्थन फिर्ता लिएका थियौँ, तर त्यो पार्टी अझै सरकारबाट फिर्ता हुने कि नहुने भन्नेमा अनिर्णित अवस्थामा छ। यो त हाम्रो लागि धोका भयो। जसपा नेपालले नै तपाईंहरू अगाडि बढ्नुस्, पछि हामी पनि फिर्ता लिन्छौँ भनेको थियो।'

तर जसपा नेपाल वर्तमान गठबन्धनलाई निरन्तरता दिने लाइनमा गएको छ। अहिले जनमत पार्टी 'यता न उताको' भएको छ। वर्तमान गठबन्धनलाई निरन्तरता दिनका लागि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, कांग्रेसका सभापति गगन थापा, नेकपाका अध्यक्ष प्रचण्डबिच कुराकानी भएको स्रोतले दाबी गरेको छ। उनीहरूको बिचमा भएको छलफलबाट नै परिस्थिति फेरिएको बताइएको छ।

# औद्योगिकग्राम विस्तार गर्न चेम्बरको माग

रुपन्देही, ३० वैशाख। चेम्बर अफ कमर्स रुपन्देहीले सरकारद्वारा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सकारात्मक रहेको जनाउँदै कार्यान्वयमा उतार्न माग गरेको छ। लगानीको थप वतावरण बनाउन, उद्योग-व्यवसायलाई चलायमान बनाउन नीति तथा कार्यक्रमले निजी क्षेत्रलाई आर्थिक विकासको साझेदारका रूपमा स्वीकार गर्नु स्वागतयोग्य रहेको संस्थाका अध्यक्ष सचिन रोकाले बताउनुभयो।

"निजी क्षेत्रको प्रतिनिधिमूलक संस्थाको हैसियतले चेम्बर अफ कमर्स, रुपन्देहीको निम्न विषयहरूमा विशेष ध्यान पुगेको छ", उहाँले भन्नुभयो, "निजी क्षेत्रको लगानीलाई उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गर्नु, औद्योगिक ग्राम र विशेष आर्थिक विस्तारले सकारात्मक पक्ष हुन्।" उहाँले नगदरहित र डिजिटल अर्थतन्त्र प्रवर्द्धन, अन्तरराष्ट्रिय पेमेन्ट गेटवे, कर प्रणाली सरलीकरण, युवालाई उत्पादन क्षेत्रमा विशेष जोड, नेपाल लगाानी भिसा, नेपाललाई विश्व आध्यात्मिक केन्द्रका रूपमा प्रवर्द्धन, महिला उद्यमशीलता विकास रणनीति, नेप्से तथा पुँजीबजारको पुनर्संरचना, आगामी दशकमा औसत सात प्रतिशत आर्थिक वृद्धि लक्ष्य, हरित अर्थतन्त्र प्रवर्द्धन, रिमोट वर्क नीति, लगानी एक्सप्रेस नीतिः ३० दिनभित्र दर्ता अनुमति, डिजिटल सुरक्षामा लगानी, देवभूमि नेपाल अभियान, धार्मिक तथा होमस्टेलाई प्रवर्द्धन, रोजगार प्रवर्द्धन दशक घोषणा, गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनको लागि अन्तरराष्ट्रिय वायु सेवा प्रदायकसँग कुटनीतिक पहल गर्नु, पूर्वपश्चिम विद्युतीय रेलमार्ग, केरुङ-काठमाडौँ रक्सोल-काठमाडौँ रेलमार्ग लगानी मोडालिटीका साथै डिजिटल सुशासन, स्वास्थ्य, शिक्षा, खेलकुद, ऊर्जा, वन, सरसफाइ, स्वच्छ खानेपानीजस्ता विषयवस्तु समेटिनु स्वागतयोग्य छ।

नीति तथा कार्यक्रम कार्यान्वयनमा विशेष जोड दिन चेम्बर अफ कमर्स, रुपन्देहीले सरकारसँग मागसमेत गरेको छ।

# विद्यालयको बिदा घट्यो : प्रार्थना र खाजा समय पनि निर्धारण

काठमाडौं, ३० वैशाख। हप्तामा शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा हुन थालेपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालयका लागि नयाँ कार्य तालिका निर्धारण गरेको छ। मन्त्रालयअन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शैक्षिक संस्थाहरूलाई पठनपाठनमा स्वीकृत पाठ्यक्रमले तोकेअनुसार कार्य घण्टालाई मिलाएर कार्यान्वयन गर्न निर्देशन दिएको हो। मन्त्रिपरिषद्को गएको चैत २२ गतेको निर्णयअनुसार शैक्षिक सत्र-२०८३ मा विद्यालयमा पनि हप्ताको दुई दिन बिदा दिने निर्णय भएको थियो।

यो निर्णय कार्यान्वयनका लागि मन्त्रालयले नयाँ कार्य तालिका बनाउन शैक्षिक संस्थालाई आग्रह गरेको हो। यो परिपत्र शिक्षा विकास तथा समन्वय इकाई, सबै पालिका र विद्यालयलाई पठाइएको छ। परिपत्रअनुसार अब पठनपाठनलाई प्रभावकारी बनाउन हरेक दिन १५ मिनेट प्रार्थना समय र ३० मिनेट खाजा समयको व्यवस्थापन गर्नुपर्नेछ। त्यस्तै सोमबारदेखि शुक्रबारसम्म पूरा समय पठनपाठनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। हिउँदे र बर्से बिदाको अवधि साबिकको ४५ दिनबाट घटाएर ३० दिन कायम गरिएको छ। अन्तिम परीक्षा तथा नतिजा प्रकाशनका लागि शैक्षिक सत्रको अन्तिमका १२ दिनलाई उपयोग गर्न गर्नुपर्नेछ।

स्वीकृत पाठ्यक्रम एवम् निर्धारण गरिएका सिकाइ उपलब्धिका आधारमा सिकाइ व्यवस्थापन गर्न साप्ताहिक रूपमा शुक्रबार समुदाय एवं परिवारका क्रियाकलाप, सन्दर्भ सामग्री तथा सूचना प्रविधिको उपयोगसँग सम्बन्धित बहु विषयमा आधारित परियोजना तथा प्रयोगात्मक कार्य दिन र आवश्यकताअनुसार प्रस्तुति गर्ने अवसर प्रदान गरिनेछ। परियोजना तथा प्रयोगात्मक कार्यका लागि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा रहेको 'परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन सहजीकरण पुस्तिका, २०८२' बाट समेत सहयोग लिन सकिने केन्द्रले जनाएको छ।

# योजनाका 'चिठी बिक्री' प्रकरण : मधेशका शिक्षामन्त्री र मेयरबीच विवाद

जनकपुर, ३० वैशाख। विभिन्न योजनाका 'चिठी बेचेको' विषयलाई लिएर मधेशको शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारी र रौतहटको बौधीमाई नगरपालिकाका मेयर प्रदीप यादवबीच विवाद भएको छ। मन्त्री तिवारीकै कार्यकक्षमा सोमबार दुईजनाबीच विवाद भएको हो। बिचौलियाले चिठीका लागि फोन गर्ने गरेको विषयमा गुनासो गर्न जाँदा विवाद भएको मेयर यादवले बताए।

मेयर यादवका अनुसार बौधीमाई नगरपालिका वडा नम्बर ८ को सर्मजुवा प्रावि र वडा नम्बर ५ को सानो कोपुवा प्राविको विद्यालय भवन निर्माण योजनाको चिठी लिन सर्लाहीका सन्दीप मिश्रा भन्ने व्यक्तिले फोन गरेका थिए। यस्तै वडा नम्बर १ को आधारभूत विद्यालयको भवन निर्माणको चिठी लिन पर्साका प्रभाष यादव भन्ने व्यक्तिले फोन गरेको यादवको भनाइ छ।





मन्त्रालयबाट सिधै वडा कार्यालयमा जानुपर्ने विद्यालय भवन निर्माण योजनाको उपभोक्ता समिति गठन सम्बन्धी चिठी अनाधिकृत व्यक्तिले लगेर बार्गेनिङ गरेर बिक्री वितरण गर्ने गरेको मेयर यादवको आरोप छ। 'सम्बन्धित पालिकाका मेयर वा वडाध्यक्ष मन्त्रालयमा पटक-पटक आउँदा चिठी दिँदैनन्। अनाधिकृत व्यक्तिले चिठी लिन फलानो ठाउँमा भेट्नुस् भनेर फोन गर्छन्,' मेयर यादवले अनलाइनखबरसँग गुनासो गरे, 'चिठी वडा कार्यालयमा जानुपर्ने हो नि। तर दलाल चिठी लिएर घुम्छन्, फोन गर्छन्। यसले योजनाको चिठी मन्त्रालयले नै बेचिरहेको प्रमाणित हुन्छ।'

'रौतहटको चिठी सर्लाहीको मान्छेले बिक्री गर्छन्। पर्साको मान्छेले बिक्री गर्छन्। यो विकृति कहिले अन्त्य हुन्छ ?' आफूले यसो भनेपछि मन्त्री रिसाएर आफुमाथि खनिएको मेयर यादवको भनाइ छ। यसपछि मन्त्री निकटका व्यक्तिहरुले आफूलाई त्यहाँबाट होल्ला गर्दै निकाल्न खोजेको र मन्त्रीले 'जसलाई इच्छा हुन्छ, उसलाई चिठी दिन्छु' भनेको मेयर यादवको आरोप छ। 'आसेपासेले होहल्ला गरेर त्यहाँबाट मलाई निकाल्ने प्रयास गरे। मन्त्रीले मलाई तपाईँ अब जानुस्, आफ्नो स्थानीय तह सुधार्नुस्। मलाई जे मन लाग्छ, त्यसलाई चिठी दिन्छु। तपाईँ को हो खोज्नेवाला, को हो भन्नेवाला भनेर ममाथि खनिनुभयो,' मेयर यादवको आरोप छ। उनले यस्तो कार्य गर्ने मन्त्री तिवारीलाई पदबाट बर्खास्त गर्न मुख्यमन्त्री कृष्णप्रसाद यादवसँग माग समेत गरे।

**विवाद भएको स्वीकार गर्दै मन्त्री तिवारीले भनिन छानबिन हुन्छ**

यता मन्त्री तिवारीले मेयर यादवसँग विवाद भएको स्वीकार गरिन्। कार्यालय समय सकिसकेको सयमा साँझ साढे ५ बजेतिर मेयर यादव आएर चिठी बेचेको जथाभावी आरोप लगाएपछि विवाद भएको उनको भनाइ छ।

'मन्त्रालयको समय सकिसकेको थियो। साढे ५ बजेतिर उहाँ भेट्न आएर चिठी बेचेको लागयतको नानाथरी आरोप लगाएर जथाभावी बोल्न थाल्नुभयो' मन्त्री तिवारीले अनलाइनखबरसँग भनिन्, 'यसबारे म राम्ररी बुझेर भन्छु, कुनै गलत भएको छ भने कारबाही हुन्छ भनेँ। यसरी नबोलिदिनुस् भनेर आग्रह गरेँ। तर उहाँ बोलिरहेपछि म कार्यकक्षबाट निस्किएँ।' मन्त्री तिवारीले चिठी बेचेको भन्ने विषयमा छानबिन गर्ने बताइन्।

साथी लोभ्याउँछ एकचोटी,
पछि तिमी खान्छौ आफै कति चोटीदृढ बनौ, इन्कार गरौं, दुर्व्यसनबाट टाढा रहौं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)